Australian Government
Inspector-General of Taxation
Taxation Ombudsman

# कर सम्बन्धी उजुरी?

Nepali

# हामी को हौं?

महानिरीक्षक तथा कर लोकपाल (आईजीटीओ) (Inspector-General & Taxation Ombudsman - IGTO) एक स्वतन्त्र संघीय सरकारी निकाय हो जसले तपाईलाई अष्ट्रेलियाको कर कार्यलय अर्थात एटीओ) (Australian Taxation Office - ATO) तथा कर अभ्यासकर्ता बोर्ड (Tax Practitioners Board - TPB) का प्रशासनिक कारवाहीहरू सम्बन्धी तपाईको उजुरीहरूमा सहयोग उपलब्ध गर्छ।



1300 44 88 29
(स्थानीय कल शुल्क)

# हामी तपाईलाई कसरी मद्दत गर्न सक्छौं?

हामी तपाईलाई तपाईका उजुरीहरूको समाधान गर्न मद्दत गर्न एक स्वतन्त्र, निःशुल्क, कर विशेषज्ञ सेवा प्रदान गर्दछौं।

'प्रशासनिक कार्य' एक बृहत शब्द हो जस अन्तर्गत सामान्यतया तपाईको ATO वा TPB सँग व्यवहार तथा अन्तरक्रिया हुँदा गरिने निष्पक्षता र तर्कसंगतता समावेश हुन्छ।

आईजीओटी (IGTO) ले तपाईलाई मद्दत गर्न सक्ने अवस्थाका केहि उदाहरणहरू निम्न छन्:

- तपाईको अनुरोधको जवाफ दिने समयतालिका;
- ATO वा TPB अधिकारीहरूको आचरण;
- अनलाईन सेवाहरूको उपलब्धता;
- ATO वा TPB द्वारा गरिने कारवाहीहरूको आश्वासन वा पर्याप्त बर्णन;

www.igt.gov.au

- ATO वा TPB का कारवाहीहरू तिनीहरूको नीति र प्रक्रिया बमोजिम भएको सुनिश्चित गर्ने; र
- ATO वा TPB तपाईसँग उचित र पारदर्शी तवरले ब्यवहार गर्ने र लेखापरिक्षण तथा अनुसन्धान सहित सबै सान्दर्भिक विवरणको मनन गर्ने।

हामीले तपाईलाई मद्दत गर्न सक्छौं कि सक्दैनौ भनेर सुनिश्चित गर्न कृपया हामीलाई सम्पर्क गर्नुहोस्।

यदि हामी तपाईलाई सिधै सहयोग गर्न असक्षम भएमा हामी तपाईलाई सहयोग गर्ने सक्ने उपयुक्त निकायका बारेमा सकभर उत्तम सल्लाह दिनेछौ।

GPO Box 551, Sydney NSW 2001

# उजुरी प्रक्रिया

हाम्रो कार्यालयमा तपाईको उजूरी दाखिला गर्न “हामीलाई कसरी सम्पर्क गर्ने” (How to contact us) खण्ड हेर्नुहोस्।

तपाईले उजूरी दाखिला गरिसके पछि, एक IGTO अनुसन्धान अधिकारीले 2 कार्य दिन भित्र तपाईको उजूरी प्राप्त भएको स्वीकार गर्न र त्यस सम्बन्धी छलफल गर्न सम्पर्क गर्नेछ।

यदि सम्भव भएमा हामी तपाईलाई तपाईको उजूरी समाधानको लागि सिधै सहयोग गर्नेछौं।

हामीले तपाईको उजूरी राम्ररी बुझ्न र उचित सहयोग निर्धारण गर्न हामी तपाईसँग, ATO वा TPB सँग थप जानकारी माग्नु पर्ने आवश्यकता हुन सक्छ।

हामी तपाईको उजूरी सम्बन्धी हाम्रो प्रगतिको बारेमा तपाईलाई अद्यावधिक गर्ने छौ र अनुसन्धान अवधिभर प्रक्रियाको समयतालिका उपलब्ध गराउने छौ।

# हामीलाई कसरी सम्पर्क गर्ने?

**www.igt.gov.au**

**1300 44 88 29**
(स्थानीय कल शुल्क)

**GPO Box 551**
**Sydney NSW 2001**

यदि तपाई अंग्रेजी भाषा बाहेक अन्य कुनै भाषामा उजुरी दिन चाहनुहुन्छ भने अनुवाद तथा दोभाषे सेवा (Translating and Interpreting Service - TIS) लाई **131 450** मा सम्पर्क गर्नुहोस्।

यदि तपाई सुन्नु वा बोल्न असक्षम हुनुहुन्छ र तपाईको उपयुक्त टेलिटाइपराइटर (TTY) वा मोडेम उपकरणमा पहुँच छ भने **13 36 77** मा फोन गर्नुहोस्।

यदि तपाईको TTY वा मोडेम उपकरणमा पहुँच छैन भने **1300 555 727** मा वाणी रिले सेवा (Speech to Speech Relay Service) मा फोन गर्नुहोस्।